महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

मितिः २०७७।०१।०१

## नयाँ वर्ष २०७७ को अवसरमा हार्दिक शुभकामना

आजदेखि सुरु भएको नयाँ वर्ष २०७७ को अवसरमा म महालक्ष्मी नगरबासी दिदीबहिनी तथा दाजुभाइहरु सहित स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । तपाईंहरुको जीवनमा २०७७ साल शान्ति, उन्नति, प्रगतिमय बन्न सकोस् भन्ने कामना गर्दछु ।

२०७७ साल प्रवेशसँगै विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड– १९)को महामारीविरुद्ध हामी संघर्ष गरिरहेको तपाईंहरुलाई अवगत नै छ । महामारीसँग लड्न नगरपालिकाले चालेका कदमप्रति आम नगरबासीले गर्नुभएको समन्वय, सहयोग र सहकार्यप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कोभिड– १९ महामारीबाट रोक्न नगरपालिकाले आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्मका प्रयासहरु गरिरहेको छ । कोरोना संक्रमणको महामारी सुरु भएसँगै जनचेतना अभिवृद्धि गर्ने, किस्ट अस्पतालसँगको सहकार्यमा आइसोलेसन बेड–आईसीयुको व्यवस्था गर्ने, किटनाशक औषधि छर्कनेदेखि दैनिक तथा ज्यालादारी मजदुरका लागि राहतको व्यवस्था गर्ने कार्य गरेका छौं । आवश्यकता परेको अवस्थामा क्वारेन्टाइन राख्ने स्थानको पनि पहिचान पनि गरेका छौं । विदेशबाट फर्किएर क्वारेन्टाइनमा बसेकाहरुको "थ्रोट स्वाब" परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएका छौं । अब सरकारले आह्वान गरेबमोजिम लकडाउनको पालना गर्ने र सजगता अपनाउन मात्रै सक्यौं भने पनि हामी जोखिममुक्त हुने कुरामा दुई मत छैन ।

कोरोना संक्रमण हुने भयले सरकारले गरेको लकडाउनका कारण प्रभावित भएका दैनिक तथा ज्यालादारी मजदुरको लागि नगदसहित खाद्यान्न र मेडिकल सामग्री सहयोग गर्ने सम्पूर्ण दाता महानुभावमा म धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

महामारी सधैँ रहँदैन, यसको निश्चित आयु हुन्छ । महामारीले हामीलाई सचेत पनि बनाएको छ । विपदको पूर्वतयारीबारे नगरपालिकाले ठोस योजना र कार्यहरु गरिरहेको छ । महामारी सकिएपछि हामी थप नयाँ उत्साह र योजनासाथ अगाडि बढ्नेछौं । नगरपालिका र नगरबासीको एकीकृत प्रयासबाट नगरको विकास र समृद्धिका लागि हामी काम गर्नेछौं ।

अन्त्यमा, फेरि पनि नयाँ वर्ष २०७७ को अवसरमा महालक्ष्मी नगरबासी दिदीबहिनी तथा दाजुभाइहरुसँगै समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि, प्रगति र आरोग्यको वर्ष बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

..........................
रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोनः ०१-५२०३५८२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np